# मुद्रण सम्बन्धी नियमहरू, २०५५

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०५५।१२।२२

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "मुद्रण सम्बन्धी नियमहरू, २०५५" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,–

(क) "विभाग" भन्नाले नेपाल सरकार, मुद्रण विभाग सम्झनु पर्छ ।

(ख) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

३. **नेपाल राजपत्र लिलाम गर्न वा धुल्याउन सक्ने** : महानिर्देशकले विभागमा रहेका नेपाल राजपत्रका जगेडा प्रतिहरू मध्ये विषयको प्रकृति हेरी आवश्यक नदेखिएका नेपाल राजपत्रहरू जुनसुकै समयमा र अन्य नेपाल राजपत्रहरू दश वर्ष पुगेपछि सम्बन्धित मन्त्रालयको स्वीकृति लिई प्रचलित कानून बमोजिम लिलाम गर्न वा धुल्याउन सक्नेछ ।

४. **अतिरिक्त समय काम लगाउन सक्ने** : (१) महानिर्देशकले आवश्यकतानुसार विभागका कर्मचारीहरूलाई अतिरिक्त समय काम लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै राजपत्र अनङ्कित कर्मचारीलाई अतिरिक्त समयमा काम लगाउँदा निजले कम्तीमा दुई घण्टा अतिरिक्त समय काम गरेमा मात्र वार्षिक विनियोजनको अधिनमा रही अतिरिक्त समय भत्ता दिइनेछ । सो भत्ता दिंदा कर्मचारीले एकदिनमा पाउने तलबको घण्टाको हिसाबले काम गरेको बढी घण्टाको अतिरिक्त समय भत्ता पाउनेछ ।

तर अतिरिक्त समय काम गरे बापत निजले सट्टा विदा लिन चाहेमा त्यस्तो विदा लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै राजपत्राङ्कित कर्मचारीलाई अतिरिक्त समयमा काममा लगाउँदा निजले कम्तीमा दुई घण्टा अतिरिक्त समय काम गरेमा प्रचलित कानून बमोजिम

खाजा खर्च दिइनेछ । सो भन्दा बढी समय काम गरेमा खाना खर्च दिंदा सोको दर अर्थ मन्त्रालयबाट स्वीकृत गराएर मात्र दिन सकिनेछ ।

५. **खारेजी** : नेपाल सरकारको छापाखाना नियमहरू, २०३५ खारेज गरिएको छ ।

नेपाल कानून आयोग

---

**द्रष्टव्य** :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।